नेपाल सरकार

**खानेपानी मन्त्रालय**

सिंहदरवार, काठमाडौं

**नेपाल खानेपानी संस्थान सञ्चालक समिति विज्ञ सदस्य नियुक्तिको लागि दरखास्त आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/२/२१**

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ बमोजिमको सञ्चालक समितिका विज्ञ सदस्य पदमा नियुक्ति वा मनोनयनका लागि देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशित भएको मितिले ७(सात) दिन (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) भित्र यस मन्त्रालयमा रितपूर्वक दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ।

| सूचना नं. | रिक्त पद | आवश्यक संख्या | सेवा अवधि | योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| ०२/०८१/८२ | विज्ञ सदस्य | १ जना | ३ बर्ष | (क) शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थावाट खानेपानीसंग सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको।<br>(ख) अनुभवः खानेपानी व्यवस्थापन एवम् गुणस्तर क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव हाँसिल गरेको।<br>(ग) उमेरः ३५ वर्ष पुरा भई ६५ वर्ष ननाघेको।<br>(घ) दरखास्त फाराम साथ रहेको अनुसूची-३ बमोजिम अयोग्य नभएको स्वघोषणा पत्र। |

१. दरखास्तसाथ पेश गर्नुपर्ने:

खानेपानी मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०८२ को अनुसूची-३ बमोजिमको स्वघोषणा पत्र र अनुसूची-२ बमोजिमको दरखास्त फारम भरी सो साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ। दरखास्त फाराम लगायतका उल्लेखित विवरणहरू यस मन्त्रालयको वेबसाइट www.mows.gov.np बाट download गर्न सकिनेछ।

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशी विश्वविद्यालयवाट शैक्षिक उपाधि हासिल गर्नेको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत),

ग. व्यक्तिगत विवरण,

घ. अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

ङ. स्वघोषणापत्र।

२. दरखास्त बुझाउने स्थानः खानेपानी मन्त्रालय (प्रशासन महाशाखा), सिंहदरबार, काठमाडौं ।

थप जानकारीका लागि टेलिफोन नं. ०१-४२११६५१

३. प्राप्त दरखास्त परीक्षण गरी मन्त्रालयले सूची तयार गर्नेछ र सूचीमा समावेश भएका उम्मेदवारहरू मध्येबाट नेपाल सरकारले नियुक्ति वा मनोनयन गर्नेछ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १० को उपदफा (१) र (२) सँग सम्बन्धित)

नियुक्त हुन चाहने अध्यक्ष वा सदस्यले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

दुवै कान देखिने पासपोर्ट साईजकोफोटो

खानेपानी मन्त्रालय सम्बन्ध सार्वजनिक निकायको देहायको पदमा नियुक्ति भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी पेश गरेको छु। सो पदमा नियुक्तिका लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु।

१. नियुक्ति हुन चाहेको सार्वजनिक निकायको नाम:

२. नियुक्ति हुन चाहेको पद:

३. दरखास्त पेश गर्ने ब्यक्तिको :

(क)व्यक्तिगत विवरण (Bio Data):

नाम थर :

नागरिकता नं र नागरिकता जारी जिल्ला :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

जन्म मिति :

सम्पर्क नं.:

इमेल:

(ख)शैक्षिक योग्यताको विवरण:

| क्र. सं. | उपाधि | विश्वविद्यालय/ शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

(ग) अनुभव

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

(घ) कागजात तथा विवरण संलग्न

(१) नागरिकताको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण,

(३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) अन्य आवश्यक कागजात ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औठाको छाप | |
|---|---|
| | |
| दाया | बाया |

दस्तखत :.....................

मिति :........./...../.....

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

(दफा १० को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्वः घोषणा पत्र

म देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

(क) कालोसूचीमा नपरेको

(ख) दामासाहीमा नपरेको,

(ग) भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा फौजदारी कसूरमा कसूरदार नठहरिएको,

(घ) हाल कुनै राजनैतिक दलको सदस्यता नरहेको,

(ङ) कुनै पनि विदेशी राष्ट्रको स्थायी आवसिय अनुमति पत्र प्राप्त नगरेको।

यस स्वःघोषणा पत्रमा उल्लेखित व्यहोरा सहि साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

<u>स्वःघोषणाकर्ताको</u>

हस्ताक्षरः

नामः

ठेगानाः

नागरिकता नम्बरः

जारी मिति र जिल्लाः

| औंठाको छाप | |
|---|---|
| | |

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं